आज मिति २०66 साल माघ १३ गते मंगलबारको दिन यस देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको अध्यक्षज्यू श्री लाली प्रसाद मेहताज्यू को अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमका उपस्थितीमा तपसिल बमोजिमका निर्णय गरियो।

उपस्थिती :

| | | |
|---|---|---|
| श्री लाली प्रसाद मेहता | अध्यक्ष | [signature] |
| श्री पुनीता देवी यादव | उपाध्यक्ष | पुनीता |
| श्री सूर्य नारायण पाल | वडा अध्यक्ष वडा.नं. १ | [signature] |
| श्री मजलुम मिया | " २ | [signature] |
| श्री अनिल कुमार भगत | " ३ | [signature] |
| श्री चन्द्रेश्वर प्रसाद मेहता | " ४ | [signature] |
| श्री अशोक यादव | " ५ | [signature] |
| श्री देवनारायण मेहता | " ६ | [signature] |
| श्री बद्री प्रसाद यादव | " ७ | [signature] |
| श्री रेखा देवी सरदार | कार्यपालिका सदस्य | रेखा |
| श्री सोनी देवी यादव | " | सोनीदेवी |
| श्री चन्द्रकला देवी दास | " | चन्द्रकला |
| श्री राज कुमारी साह | " | राज |
| श्री नरेश शर्मा | " | नरेश |
| श्री महानन्द पाल | " | महानन्द |
| श्री चुडामणी गुरागाई | सदस्य सचिव | [signature] |

आमन्त्रित :

प्र.ना.नि. गजेन्द्र बा. श्रेष्ठ (इ.प्र.का.) देवानगंज — [signature]
प्र.ना. कमल कट्टवाल इ.प्र.का देवानगाँज — [signature]
लोकपाल पाँचौं जितेन्द्र यादव मा.वि. — [signature]
लो.पा. सुमन भट्टराई " " — [signature]
भाग्य प्रकाश मेहता — [signature]
चन्द्र मेहता लिच्छ — [signature]
बाल कुमार श्रेष्ठ कम्प्युटर अपरेटर (प्रशासन) — [signature]
ओम प्रसाद मेहता स्वा० शाखा प्रमुख — [signature]

प्रस्तावहरू :

१. रकम संसोधन परिवर्तन सम्बन्धमा ।
२. गा. पा. भवनको ल. ई. संसोधन सम्बन्धमा ।
३. गा. पा. स्थरीय योजना अनुगमन समितीको गठन सम्बन्धमा ।
४. शिक्षा ऐन पारित गर्ने सम्बन्धमा ।
५. निर्माणाधिन गा. पा. भवन दक्षिण दुँदै वडा नं. ४ कर्णाधार पण्डित टोल सम्म नाला निर्माण सम्बन्धमा ।
६. वडा स्थरिय योजना संसोधन सम्बन्धमा ।
७. योजनाको भुक्तानी सम्बन्धमा ।
८. विविध ।
९. करार कर्मचारी सम्बन्धमा ।

निर्णयहरू :

१. प्रस्ताव नं. २ माथि छलफल गर्दा निर्माणाधिन गा. पा. भवन निर्माणको क्रममा जमिन रयाफ्ट गरी ढलान गर्नु पर्ने भएकोले लागत ईष्टिमेटमा १६.१५ प्रतिशत भेरिएसन गरी तयार भएकोले सो १६.१५ प्रतिशत थप अनुमोदन गरीयो ।

२. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस गा. पा. को शिक्षा ऐन, २०७६ तयार भएको हुँदा सोलाई पारित गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा गाउँपालिका स्थरीय योजना अनुगमन समितिमा तपसिल अनुसारको पदाधिकारी चयन गरियो ।

तपसिल :

१) उपाध्यक्ष - श्री पुनीता देवी यादव - संयोजक
२) कार्यपालिका सदस्य - श्री महानन्द पाल - सदस्य
३) वडा अध्यक्ष - श्री मजलुम मियाँ अंसारी - सदस्य
४) सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य
५) ईन्जिनियर - श्री पुष्पराज चौधरी - सदस्य सचिव

४. प्रस्ताव नं. १ माथि छलफल गर्दा ठेक्काबाट संचालित चालु आर्थिक वर्षमा सम्पन्न हुने योजनामा विनियोजित बजेट अपुग भएकोले सो अपुग रकमलाई व्यवस्थापन गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडाबाट प्राप्त भएका (संसोधनका लागि) योजनालाई वडाको निर्णय अनुसार संसोधन गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ५ माथि छलफल गर्दा निर्माणाधिन गा. पा. भवन दक्षिण वडा नं. ३ देखि वडा नं. ४ कर्णाधार पण्डित टोल सम्मको नाला निर्माणको लागि बजेट व्यवस्थापन पहल गर्ने निर्णय गरियो।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा वडामा संचालित योजनाको भुक्तानीको लागि वडाको सिफारिस प्राप्त भए पछि मात्र भुक्तानी दिने निर्णय गरियो।

८. प्रस्ताव नं. ८ विविधमा छलफल गर्दा तपसिलका योजनाहरूमा तपसिल अनुसारका रकम व्यवस्थापन गर्ने निर्णय गरियो।

१)तपसिल:

१) आयुर्वेद औषधालय भवनको मर्मत रकम रू. ५,००,०००/- (पाँच लाख) आयुर्वेद औषधालय भवन निर्माणमा लगाउने, ~~निर्णय~~

२). देवानगञ्ज-५, साहेबगञ्ज चमार टोलको बाटो निर्माण ठेक्काबाट बाँकी रहेको रकम अमर सिंह मा. वि.को कम्पाउण्ड वालमा निर्माणमा लगाउने,

३) देवानगञ्ज-२, ~~महिला~~ सामुदायिक भवन (योग सिविर संचालन भवन) को लागि रू. २,००,०००/- (दुई लाख) दिने,

४) वि. पी. स्मृति भवन वडा नं. १मा विविधबाट रकम रू. २,५०,०००/- (दुई लाख पचास हजार मात्र) दिने,

५) ~~सत्स~~ सत्संग भवन, देवानगञ्ज-५ को लागि रकम रू. १,००,०००/- (एक लाख मात्र) दिने,

६) वडा नं. ४ मण्डलटोलमा माटो पुर्ने कार्यको लागि रू. २००,०००/- दिने।

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा करारमा कार्यरत कर्मचारीहरू को असार मसान्त, २०७८ सम्म म्याद थप गर्ने निर्णय गरियो।

साथै ज्यालादारीमा कार्यरत अ.न.मी जोमा श्रेष्ठ, कार्यालय सहयोगी बबिता ठाकुर र चौकिदार देवानन्द मण्डल पाललाई करारमा सम्झौता कायम गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. ८ विविधमा छलफल गर्दा देवानगञ्ज-५, साविक साहेवगञ्ज-१ को अधुरो सत्संग भवनको प्लास्टरको लागि रू. २,५०,०००।- (दुई लाख पचास हजार मात्र), देवानगञ्ज-६ को राजाजी थानको लागि रू. २,००,०००।- (दुई लाख मात्र) दिइने निर्णय गरियो। साथै वडा नं. 6 शिव मन्दिरको लागि रकम रू. २,५०,०००।- (दुई लाख पचास हजार मात्र) दिने निर्णय गरियो। देवानगञ्ज-२, सि. दिना भद्रि मन्दिरको लागि रकम रू. ५०,०००।- (पचास हजार मात्र) दिने निर्णय गरियो।